सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २८६ ♦ २०८३ साल असार १७ बुधवार ♦ 1 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# मधेस प्रदेश: सरकारले रोक्ने घोषणा गरे पनि मधेस प्रदेशको बजेटमा टुक्रे योजनाकै निरन्तरता

खबर दर्पण समाचारदाता

**असार १६ गते, बर्दिवास**

मधेस प्रदेश सरकारले बजेटमा टुक्रे योजना निरुत्साहित गर्ने घोषणा गरे पनि विस्तृत बजेट पुस्तिका अर्थात् रातो किताबमा पुरानै अभ्यासलाई नयाँ रूपमा निरन्तरता दिएको पाइएको छ। १ असारमा बजेट प्रस्तुत गर्दै अर्थमन्त्री युवराज भट्टराईले एक करोड रुपैयाँभन्दा कमका योजना नराख्ने, नयाँ सवारी साधन खरिद रोक्ने, अनुत्पादक खर्च कटौती गर्ने र पुँजीगत निर्माणलाई प्राथमिकता दिने नीति अख्तियार गरिएको बताएका थिए।




सरकारले औपचारिक रूपमा एक करोडभन्दा कमका योजना नराखे पनि एउटै शीर्षकभित्र विभिन्न पालिका, वडा र टोलका धेरै साना योजना गाभेको छ। कुल रकम एक करोड वा त्यसभन्दा बढी देखाइए पनि भित्री विवरणमा मन्दिर, मदरसा, कब्रस्तान, सडक ढलान, बाउन्ड्री वाल, बोरिङ र भवन मर्मत जस्ता अलग अलग काम एउटै बजेटभित्र राखिएका छन्। विगतमा १० लाख, १५ लाखका खुद्रे योजना सिधै रातो किताबमा राखिँदा प्रदेश सरकारको चर्को आलोचना हुने गरेको थियो। यसपटक आलोचनाबाट बच्न र नीतिगत रूपमा टुक्रे योजना रोकेको देखाउन सरकारले नयाँ उपाय अपनाएको देखिन्छ।


उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको एक करोड रुपैयाँको एउटा योजनामा महोत्तरी र धनुषाका विभिन्न स्थानका धार्मिक तथा सामुदायिक संरचना समेटिएका छन्। महोत्तरीको जलेश्वरस्थित मदरसा स्तरोन्नति, जनकपुरधाम उपमहानगरपालिका-२१ को कब्रस्तान बाउन्ड्री वाल, लोहार पट्टी र मटिहानीको मदरसा र जलेश्वरकै इदगाह निर्माण तथा स्तरोन्नतिलाई एउटै शीर्षकमा राखिएको छ।

सोही मन्त्रालयको अर्को एक करोड रुपैयाँको शीर्षकमा सीताराम विवाह मण्डप ट्रस्ट निर्माण, जनकपुरधाम-८ स्थित बिहार कुण्ड क्षेत्रको मन्दिर सौन्दर्यीकरण तथा धनुषाको नगराइनमा रहेको सलहेश मन्दिर स्तरोन्नति समेटिएको छ।

सिँचाइ तथा खानेपानी मन्त्रालयका योजनामा पनि यस्तै प्रवृत्ति देखिएको छ। धनुषाको बटेश्वर गाउँपालिकाका विभिन्न वडामा व्यक्तिको जग्गामा बोरिङ निर्माण तथा मिथिला नगरपालिका, क्षीरेश्वरनाथ नगरपालिका र नगराइन क्षेत्रका पावर ड्रिल बोरिङलाई एउटै शीर्षकमा र ाखिएको छ।

भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गतको बजेट वितरण अझ बढी अव्यवस्थित देखिन्छ। महोत्तरीको जलेश्वरमा सडक ढलान तथा रिटेनिङ वाल, मनरासिसवा नगरपालिकाको विद्यालयमा अधुरो भवन निर्माण, डेस्क-बेन्च व्यवस्थापन र कम्पाउन्ड वाल स्तरोन्नतिलाई एउटै एक करोडको शीर्षकमा राखिएको छ। अर्को शीर्षकमा मदरसा भवन निर्माण, नाला निर्माण, इदगाहको अधुरो बाउन्ड्री वाल, ढलान र सौन्दर्यीकरण जस्ता काम गाभिएका छन्।

यसो हुँदा प्रदेशको बजेट शीर्षक प्राविधिक रूपमा ठूलो देखिए पनि व्यवहारमा पुरानै टुक्रे बजेट वितरण प्रवृत्तिको निरन्तरता देखिएको छ। पाँचदेखि सात वटासम्म साना योजना एउटै शीर्षकभित्र राखिँदा ठेक्का प्रक्रिया, कार्यान्वयन क्षेत्र, प्राविधिक मूल्यांकन, भुक्तानी र विवाद समाधानमा समस्या आउने सरोकारवालाहरू बताउँछन्।




## कार्यान्वयनमा जटिलता

एक करोडको शीर्षकभित्र फरक भूगोल र फरक प्रकृतिका योजना राख्दा कार्यान्वयनमा कानुनी र व्यवहारिक समस्या आउने जनता समाजवादी पार्टी, नेपालका प्रवक्ता मनीषकुमार सुमन बताउँछन्। उनका अनुसार कुनै एउटा टोल वा योजनामा विवाद भए पूरा शीर्षककै बजेट रोकिने जोखिम रहन्छ।

"कतै एक करोडको पुल छ भने ठीकै हो। तर, पुल पनि त्यही शीर्षकमा, मन्दिर पनि त्यही शीर्षकमा, धर्मशाला पनि त्यही शीर्षकमा राखियो भने काम अघि बढ्दैन," सुमन भन्छन्, "बजेट कार्यान्वयनमा लैजाँदा व्यावहारिक पक्ष पनि हेर्नुपर्छ। सस्तो लोकप्रियताका लागि यसरी राखिएको बजेट खर्च नहुने जोखिम बढ्छ।"

उपभोक्ता समितिको विकृति रोक्ने नाममा ल्याइएको नयाँ अभ्यास व्यावहारिक रूपमा अस्पष्ट देखिएको उनको टिप्पणी छ। "एक करोडको योजना देखाएर उपभोक्ता समितिको साटो खुला प्रतिस्पर्धामा योजना कार्यान्वयनको जिम्मेवारी दिने भनिएको छ, तर एउटै शीर्षकभित्र धेरै साना काम गाभिएपछि कार्यान्वयन कसरी हुन्छ भन्ने स्पष्ट छैन," उनी भन्छन्।

त्यसैगरी, जनमत पार्टी संसदीय दलका नेता चन्दन सिंह पनि बजेटमा अव्यावहारिक रूपमा कार्यक्रम राखिएकाले कार्यान्वयनमा कठिनाइ आउने तर्क गर्छन्। सरकारको घोषणा र रातो किताबको विवरणबीच मेल नदेखिएको उनको टिप्पणी छ।


अर्थमन्त्री युवराज भट्टराई भने केही शीर्षकमा मात्रै यस्तो देखिएको दाबी गर्छन्। पुराना योजनाको बाँकी काम पूरा गर्न दुईतीन वटा योजनालाई जोडेर बजेट दिनुपरेको उनको भनाइ छ।

"संघीय बजेटमा पनि यस्तै परिपाटी छ। कतिपय पुराना योजना थोरै रकमले पूरा हुने अवस्थामा छन्, त्यसैले केही शीर्षकमा यस्तो देखिएको हो," भट्टराई भन्छन्, "पहिलो पटक खुला प्रतिस्पर्धामा जाने अभ्यास भएकाले समस्या आउला भन्ने लागेको हुन सक्छ। तर, ठूलो समस्या आउँछ जस्तो लाग्दैन। समस्या आए समाधान गरेर अघि बढ्छौं।"

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै, ...त्तरी

✓ पत्रिका
✓ क्यालेण्डर
✓ रजिष्टर, डाइरी
✓ किताब
✓ परीक्षा कपी
✓ पर्चा पम्पलेट
✓ बिल, भाउचर,



✓ स्क्रिन प्रिन्ट
✓ विवाह कार्ड
✓ प्रमाण पत्र
✓ भिजिटिङ्ग कार्ड
✓ झोला प्रिन्ट
✓ रबर स्टाम्प




✓ फ्लेक्स प्रिन्ट
✓ ब्यानर प्रिन्ट
✓ होर्डिङ्ग बोर्ड
✓ स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# विस्थापित हुँदैछ रैथाने प्रजातिको धान

रविन्द्र उप्रेती

**असार १६ गते, बर्दिवास**

उन्नत तथा विकासे जातका बालीको विस्तारसँगै रैथाने धान, मकै, तरकारी लगायतका स्थानीय बाली क्रमशः लोप हुँदैगएको छ ।



कृषकका अनुसार केही स्थानीय प्रजाति पूर्ण रूपमा हराइसकेको छ भने केही लोपोन्मुख अवस्थामा पुगेको छ । यसले ग्रामीण भेगमा सामजिक, आर्थिक सांस्कृतिक असर परेको कृषकको भनाइ छ ।

महोत्तरीको गौशाला-७, जमुनियाकी ७४ वर्षीया कृषक आशादेवीका अनुसार आफूले थाहा पाएसम्मका दर्जनभन्दा बढी स्थानीय धानका प्रजाति अहिले खेतीबाट हराइसकेको छ । हरिनकेर, तन्नी, गोला, नाजिर, कमलखोर, कमलकाँटी, गोखुलसार, साहमर्दन, मालभोग, बच्ची, जसवा, बाहरनी र मन्सरीजस्ता धानका प्रजाति देखिन छाडेको छ ।

स्वाद, सुगन्ध, गुणस्तर र रङका कारण कुनैबेला सम्पन्नता र साखको प्रतीक मानिने करियाकामत (कमोद) धान पनि लोपोन्मुख अवस्थामा पुगेको छ। बासमतीले मात्र कुनै प्रकार ले आफ्नो अस्तित्व जोगाइरहेको उहाँले बताउनुभयो ।

स्थानीय कृषकका अनुसार रैथाने धान हराउँदै जाँदा उत्पादन प्रणाली मात्र नभइ सामाजिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा असर परेको छ । महोत्तरीकै प्रमुख धान उत्पादन क्षेत्रमध्ये एक मानिने जमुनियालाई सदावहार रूपनी खोलाबाट वर्षभरि सिँचाइ सुविधा उपलब्ध हुने भएकाले 'धानको माइतीघर' समेत भनिन्छ । स्थानीय प्रजाति हराउँदै जाँदा गाउँकोपरम्परागत जीवनशैलीमा परिवर्तन आएको कृषकहरूको अनुभव छ ।

गाँउको ७२ वर्षीय अगुवा कृषक रुद्रनारायण चौधरीका अनुसार विकासे धानले स्थानीय जातलाई विस्थापित गरेपछि परालको अभाव हुँदा पुशुपालन प्रभावित भएको छ। रैथाने धानको बोट अग्लो हुने भएकाले त्यसको परालबाट गुन्द्री बुन्ने, चकटी बनाउने तथा घरको छाना छाउने काम गरिन्थ्यो ।

गरिबका लागि पराले गुन्द्री जाडोमा सिरक सरह हुन्थ्यो । धान काटिसकेपछि खेतमै बोटको तल्लो पराले भागबाट 'लार' निकालेर आलु खेतीमा प्रयोग गरिन्थ्यो, जसले उत्पादन बढाउनुका साथै रासायनिक मलको आवश्यकता पर्दैनथ्यो । उत्पादन पनि बढ्थ्यो ।

चौधरीले भन्नुभयो, 'स्थानीय धान एकनासले फल्ने र रोग प्रतिरोधी पनि हुन्थे । विकासे धानले सुरुमा राम्रो उत्पादन दिए पनि पछि उत्पादन घट्दै जाने र रोगको समस्या बढ्ने गरेको छ । यसले रोग नियन्त्रणका लागि महँगा विषादी प्रयोग गर्नुपर्ने भएकाले किसान थप आर्थिक मारमा परेका छन् ।'

यस्ता रैथाने धानको लोपसँगै परम्परागत बिउ संरक्षण प्रविधि पनि हराउँदै गएको स्थानीयको भनाइ छ। पहिले धानको बिउ घरभित्र राखिदैन थे। परालको 'मोरियारी' मा बिउको पोको र खी बाहिरबाट गोबर-माटोले लिपेर खुला टाँड वा परालको कुन्युमाथि भण्डारण गर्ने पुरानो प्रविधि अहिले प्रयोग हुन छाडेको छ ।

आशादेवीका अनुसार यसरी रखिएका बिउ लामो समयसम्म सुरक्षित रहन्थे, राम्रोसँग उम्रन्थे र रोग-कीराको समस्या पनि कम हुन्थ्यो। पछिल्लो वर्षहरूमा आयातित तथा तयारी अवस्थामा उपलब्ध हुने उन्नत बिउको प्रयोग बढेसँगै यो प्रविधि पनि लोप भएको छ ।

स्थानीय धानसँगै कृषि प्रणालीसँग सम्बन्धित अन्य जैविक विविधता पनि हराउँदै गएको छ । कृषकका अनुसार खेतमा पाइने भ्यागुता, गँगटा, स्थानीय माछा लगायतका जीवहरू अहिले दुर्लभ बनेका छन्। चिसापानी जातको 'कच्चु' भनिने कालो आलु, वैशाख-जेठमा रोपेर भदौमा भित्र्याइने स्थानीय मकै, मङ्सिर देखि माघसम्म उत्पादन हुने रैथाने सानो काउली तथा हरियो खित्ते घिरौंला पनि खेतीबाट विस्थापित भइसकेका छन् ।

कृषि ज्ञान केन्द्रका प्रमुख देवानन्द रायले रैथाने बाली विस्थापनसँगै कृषि क्षेत्रमा नयाँ चुनौती थपिएको स्वीकार गर्नुभयो । उहाँका अनुसार यसले खाद्यान्नको गुणस्तरमा ह्रास ल्याउनुका साथै नयाँ रोगको सङ्क्रमण बढाएको छ ।

उहाँले भन्नुभयो, 'विकासे बालीसँगै देखिन थालेका नयाँ रोगले उत्पादनमा समेत असर पुगेको छ । रैथाने बालीको तुलनामा उन्नत जातमा उत्पादन बढी भए पनि स्वाद, सुगन्ध र गुणस्तर कम हुने तथा रोग प्रतिरोधात्मक क्षमता पनि कमजोर हुने गरेको छ । शीथ ब्लाइटजस्ता घातक रोगको प्रकोप पनि पछिल्लो वर्षमा बढ्दै गएको छ ।

रायले उन्नत जातका धानमा उत्पादन क्षमताजस्ता सकारात्मक पक्ष पनि रहेको उल्लेख गर्दै गुणस्तरका दृष्टिले भने रैथाने बालीसँग तुलना गर्न नसकिने बताउनुभयो ।

# चुरे संरक्षण र हरियो वन अभियानमा बजेट अभाव मुख्य चुनौती



खबर दर्पण समाचारदाता

**असार १६ गते, बर्दिवास**

वन संरक्षणसँगै वन्यजन्तुको संरक्षणलाई पनि समान प्राथमिकतामा राख्नुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् ।

वन विनाश, चुरे क्षेत्रको बढ्दो दोहन, वन्यजन्तुको बासस्थानमा परेको असर तथा सीमित बजेटका कारण संरक्षणका कार्यक्रम प्रभावकारी रूपमा अघि बढाउन चुनौती रहेको निष्कर्ष निकाल्दै डिभिजन वन कार्यालय धनुषाले वन तथा वन्यजन्तु व्यवस्थापन सम्बन्धी अन्तरक्रियात्मक गोष्ठी आयोजना गरेको छ ।

डिभिजन वन कार्यालय धनुषाको वार्षिक स्वीकृत कार्यक्रमअन्तर्गत आयोजित कार्यक्रममा मधेश प्रदेश सरकारका वन तथा वातावरणमन्त्री शंकर प्रसाद चौधरी प्रमुख अतिथिका रूपमा सहभागी थिए ।

कार्यक्रम चुरे नदी प्रणाली संरक्षण सरोकार पत्रकार समाजको सहजीकरण तथा नेपाल पत्रकार महासंघ धनुषाको समन्वयमा आयोजना गरिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री चौधरीले वन संरक्षणको चर्चा मात्र पर्याप्त नभई वन्यजन्तुको संरक्षणलाई पनि उत्तिकै महत्व दिनुपर्ने बताए ।

वन र वन्यजन्तु एकअर्काका परिपूरक भएकाले वन बचाएर मात्र दिगो वातावरण संरक्षण सम्भव नहुने उनको भनाइ थियो ।

उनले प्रदेश सरकारले वन तथा वातावरण संरक्षणका विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको उल्लेख गर्दै स्रोत साधनको सीमितताका बीच पनि संरक्षण अभियानलाई निरन्तरता दिइएको बताए ।

हरियो वनको संरक्षण तथा चुरे क्षेत्र जोगाउने अभियानमा बजेट अभाव ठूलो चुनौतीका रूपमा रहेको उल्लेख गर्दै उनले उपलब्ध स्रोतको अधिकतम उपयोग गरेर काम भइरहेको बताए ।

मन्त्री चौधरीले आफू सार्वजनिक जिम्मेवारीमा पारदर्शितापूर्वक काम गरिरहेको दाबी गर्दै कुनै कमजोरी वा त्रुटि देखिए त्यसलाई तथ्यका आधारमा औंल्याइदिन सञ्चारमाध्यमलाई आग्रह गरे ।

सत्य र तथ्यमा आधारित पत्रकारिताले सरकारलाई अझ उत्तरदायी बनाउन सहयोग पुग्ने उनको भनाइ थियो ।

कार्यक्रममा सहभागी वन क्षेत्रका अधिकारीहरूले चुरे

*बाँकी पृष्ठ ३ मा*

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# अर्गानिक खानाको ब्रान्डिङ गर्दै कल्चरल भिलेज

लक्की चौधरी

धनुषाको मिथिलाबिहारी –२, पुरन्दाहामा सञ्चालनमा रहेको कल्चरल भिलेजले स्थानीय उत्पादनका खानालाई ब्रान्डिङ गर्दैआएको छ। सस्तो रेटमा ताजा र स्थानीय उत्पादनको स्वाद पाउँदा यहाँ आउने पाहुना सन्तुष्ट हुनेगरेको बताउँछन् ।

जनकपुरको पेराडि चोक (सहिद गेट) बाट करिब ९ किलोमिटर पूर्व रहेको कल्चरल भिलेजको आकर्षण नै प्राकृतिक वातावरण र स्थानीय उत्पादन हो। होमस्टे स्टाइलमा सञ्चालनमा रहेको कल्चरल भिलेज संघ संस्थाको कार्यक्रम सञ्चालन गर्ने र स्थानीय उत्पादनको ताजा स्वाद लिएर रमाउने ठाउँ भएको यहाँ आउने पाहुनाहरुको बुझाइ छ ।

स्थानीय देवनारायण मण्डलले साढे १२ विघा जग्गा १५ वर्षका लागि लिजमा लिएर कल्चरल भिलेज रिसोर्ट सञ्चालन गर्नुभएको छ । वार्षिक साढे ४ लाख रुपियाँ भाडा तिरेर सञ्चालनमा ल्याएको कल्चरल भिलेजमा २८ जनाले रोजगारी पाएको उहाँले बताउनुभयो ।




कल्चरल भिलेजमा कार्यक्रम गर्न दुई वटा सभा हल रहेको छ। ठुलो सभाहलमा ३ देखि ४ सय जना अट्ने क्षमता रहेको मण्डलको भनाइ छ। त्यस्तै, सानो हलमा ३० देखि ४० जनासम्म अट्ने क्षमता रहेको उहाँले बताउनुभयो। १८ वटा आधुनिक कोठामा ४२ वटा फोल्डिङ बेडहरु राखिएको र सबै रुममा अट्याच बाथरुम रहेको छ। एक रातमा बढीमा ६७ जनासम्मलाई सुताउने क्षमता रहेको सञ्चालक मण्डलको भनाइ छ।

वन्यजन्तु संरक्षण क्षेत्रमा कार्यरत रहनुभएका सञ्चालक मण्डलले हरेक घरको भित्तामा मिथिला आर्टले भित्ताको आकर्षण गराइएको बताउनुभयो। माटोले लिपिएको भित्तामा राम र सीताको विवाहसँग सम्बन्धित आर्टहरु बनाइएका छन् । भिलेज सञ्चालन भएको परिसरमै माछा पालन गरिएका छन् । माछाका लागि ७ वटा पोखरी निर्माण गरिएका छन् । भिलेजमा आउने पाहुनाहरुको मागअनुसार ताजा माछा पोखरीबाटै मारेर खुवाउने गरेको मण्डलले बताउनुभयो ।

त्यस्तै, उहाँले हाँस, लोकल कुखुरा, परेवा, दुधका लागि ८ वटा गाई, १४ वटा बाखा पालन गरेको बताउनुभयो । माछा मार्न सिपालु पाहुनालाई बल्छीले माछा मार्ने व्यवस्था मिलाइएको भिलेज सञ्चालक मण्डलले बताउनुभयो । भिलेजमा अहिलेसम्म आन्तरिक र बाह्य पर्यटकहरु आउने गरेको उहाँको भनाइ छ। खासगरी बेलायत, अमेरिका, जापान, भारत, जर्मनी, स्कटल्याण्ड, इजराइल, क्यानडा, चीन लगायतबाट पर्यटकहरु आउनेगरेको मण्डलको भनाइ छ। भिलेज सञ्चालन २०८१ पुस १६ गतेबाट आएको बताउँदै उहाँले भिलेजबाट वार्षिक १४ देखि १५ लाख रुपियाँ खुद नाफा भइरहेको बताउनुभयो ।

कल्चरल भिलेजको अवलोकन गर्न चाहने सर्वसाधारणलाई २ सय रुपियाँको कुपनको व्यवस्था गरिएको सञ्चालक मण्डलले बताउनुभयो। भिलेजमा आउने पाहुनाका लागि झिझिया नाच, झरझरी, साइनाई, समाचकेवा, जटजटीन, लोकनाचको व्यवस्था गरिएको उहाँले बताउनुभयो ।

कल्चरल भिलेजमा आएका आगन्तुक पाहुना वीरेन्द्र महतोका अनुसार जनकपुरधाम र धनुषाधामको बिचमा रहेको कल्चरल भिलेजले अर्गानिक उत्पादनको ब्रान्डिङ गरी पाहुनाको मन जित्ने प्रयास गरेको छ। शान्त वातावरणमा एकान्तमा रहेको कल्चरल भिलेजप्रति पाहुनाको आकर्षण बढ्नले रोजगारी थप सिर्जना हुनु हो, उहाँले विश्वास व्यक्त गर्नुभयो। ताजा खानेकुरा पाइने हुनाले सेवनमा सन्तुष्टि मिल्नेगरेको उहाँको बुझाइ छ। -गोरखापत्र

## चुरे संरक्षण र हरियो....

क्षेत्रको संरक्षण, अवैध वन पैदावार ओसारपसार नियन्त्रण, वन अतिक्रमण रोकथाम, वन डढेलो नियन्त्रण तथा सामुदायिक वनको प्रभावकारी व्यवस्थापनमा सबै पक्षको सहकार्य आवश्यक रहेको धारणा राखे ।

वन संरक्षणका नीति प्रभावकारी भए पनि कार्यान्वयनमा बजेट, जनशक्ति र प्राविधिक स्रोतको अभावले अपेक्षित उपलब्धि हासिल गर्न कठिन भइरहेको उनीहरूको भनाइ थियो ।

वक्ताहरूले जलवायु परिवर्तनको असर सबैभन्दा बढी वन क्षेत्रमा देखिन थालेको उल्लेख गर्दै वन विनाशसँगै जैविक विविधता र वन्यजन्तुको प्राकृतिक बासस्थान समेत जोखिममा पर्दै गएको बताए ।

वन संरक्षणलाई स्थानीय समुदाय, सञ्चारमाध्यम र सरोकारवाला निकायको साझा अभियान बनाउनुपर्नेमा उनीहरूले जोड दिए ।

नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साहले वन तथा वातावरणसँग सम्बन्धित समाचारलाई तथ्यपरक र जिम्मेवार ढंगले प्रस्तुत गर्नुपर्ने बताउँदै वन संरक्षण अभियानमा सञ्चारमाध्यमले जनचेतना अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्न सक्ने धारणा राखे ।

कार्यक्रममा वन कार्यालयका कर्मचारी, प्रदेश वन निर्देशनालयका प्रतिनिधि, पत्रकार, सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी तथा वातावरण संरक्षणसँग सम्बन्धित विभिन्न सरोकारवालाहरूको सहभागिता रहेको थियो ।


## विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- बर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

गौशाला नगरपालिका, महोत्तरी

# बोक्सी कुप्रथा उन्मूलनका लागि मधेशमा जनचेतना अभियान चलाइने

**खबर दर्पण समाचारदाता**

**असार १६ गते, बर्दिवास**

प्रतिनिधिसभाकी उपसभामुख रुबीकुमारी ठाकुरले बोक्सी कुप्रथा अन्त्यका लागि घटना घटिसकेपछि मात्र होइन, त्यसअघि नै गाउँगाउँमा व्यापक जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनुभएको छ।

मङ्गलवार जनकपुरधाममा 'मान्छे कहिल्यै बोक्सी हुँदैन' राष्ट्रिय जागरण प्रतिष्ठान नेपालद्वारा आयोजित जनचेतनामूलक कार्यक्रम तथा वृत्तचित्र प्रदर्शनलाई सम्बोधन गर्नुहुँदै उपसभामुख ठाकुरले बोक्सीका नाममा हुने अमानवीय व्यवहार अन्त्य गर्न सबै तहबाट सचेतना अभिवृद्धि आवश्यक रहेको बताउनुभयो। उहाँले अभियानलाई अझ प्रभावकारी बनाउन सङ्घीय सरकारसँग आवश्यक पहल गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो। कार्यक्रममा बोक्सीको आरोपका कारण पीडित बनेका दुई महिलालाई सम्मान गरिएको थियो। जनकपुरधाम उपमहानगरपालिका-१५ की वडा सदस्य शिला दास र जनकपुरधाम-२५, लोहनाकी सुमित्रादेवी सदालाई उपसभामुख ठाकुरले सम्मान गर्नुभएको हो।

प्रतिष्ठानका अध्यक्ष तथा अभियन्ता कोविदशरण उपाध्यायका अनुसार विगत दुई वर्षमा मधेश प्रदेशका रौतहट, धनुषा, महोत्तरी र पर्सा जिल्लाका १४ स्थानमा बोक्सी आरोपसँग सम्बन्धित घटना भएका छन्। ती घटनालाई मध्यनजर गर्दै प्रभावित क्षेत्रमै पुगेर शिक्षा, चेतना तथा वृत्तचित्र प्रदर्शन कार्यक्रम सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार अभियानअन्तर्गत बोक्सीसम्बन्धी कुप्रथाविरुद्ध जनचेतना फैलाउनुका साथै बोक्सीसम्बन्धी (कसुर र सजाय) ऐन, २०७२ बारे पनि सर्वसाधारणलाई जानकारी गराइएको छ। आगामी दिनमा देशभर करिब दुई सय स्थानमा यस्ता कार्यक्रम विस्तार गर्ने लक्ष्य रहेको उहाँले बताउनुभयो।

'मान्छे बोक्सी हुँदैन कहिल्यै' राष्ट्रिय जागरण प्रतिष्ठान नेपालले २०७१ सालदेखि देशव्यापी रूपमा बोक्सी कुप्रथा उन्मूलन अभियान सञ्चालन गर्दै आएको छ। अभियानअन्तर्गत जनचेतनामूलक प्रशिक्षण, वृत्तचित्र प्रदर्शन तथा पीडितको सम्मानमार्फत समाजमा रहेको अन्धविश्वास हटाउने प्रयासलाई निरन्तरता दिइँदै आएको प्रतिष्ठानले जनाएको छ।



---

नेपाल सरकार

उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय

**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनी विशेष खारेजी गरिएको सूचना

यस कार्यालयमा मिति २०७८/०८/२७ मा दर्ता भएको प्रा.लि.नं. २७९४९९ को शुभान्श बहुउदेश्य कृषि फार्म प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

---

**संशोधन सहित पुनः प्रकाशित**

**Save the Children**

## Auction Notice

Save the Children intends to sell various office equipment, and furniture on "as is where is" basis. Interested parties are invited to submit their sealed bid proposal.

Sealed Bid Form will be available to the interested bidders upon payment of non-refundable Rs. 100/- (One Hundred Only) from 30th June to 3rd July 2026 between 10:00 AM to 5:00 PM.

**Auction schedule:**

| | |
|---|---|
| Date of Goods Display: | from 30th June to 5th July 2026, 10:00 AM to 5:00 PM |
| Date of Bid Form Submission: | from 30th June to 5th July 2026, before 3:00 PM |
| Date of Bid Opening: | 6th July 2026 at 3:30 PM |

Bid Form and additional information will be available at the following address.

**Supply Chain Department**
**Save the Children, Bardibas Field Office**
**Bardibas, Mahottari**
Phone: +977 044-550721/ 550722

---

## सन्तुलित जनसंख्या: विकासको आधार

- जनसंख्याको सन्तुलित विकासमा ध्यान दिऔं,
- जनसंख्या व्यवस्थापन सम्बन्धी सचेतना अभिवृद्धि गरौं,
- मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच बढाऔं,
- किशोर–किशोरीको स्वास्थ्य र शिक्षालाई प्राथमिकता दिऔं,
- लैङ्गिक समानता र महिला सशक्तीकरणलाई प्रवर्द्धन गरौं,
- शिक्षा, स्वास्थ्य, क्षमता विकास र रोजगारीमा जोड दिऔं।

**स्वस्थ, शिक्षित र समृद्ध समाज निर्माणमा योगदान दिऔं।**

**मटिहानी नगरपालिका, महोत्तरी**

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,